नगर प्रमुख

आज मिति २०७४ साल चैत्र महिनाको ०५ गते सोमवारका दिन विहानको ठिक ११.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**तपशिल :**

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यापालिका )

श्री सविता रसाईली , नगर उपप्रमुख , सदस्य (नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल , (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

Scanned by CamScanner

नगर प्रमुख

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया महत, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

**अन्य उपस्थिति :**

श्री मनोज रेग्मी , प्रशासन शाखा ।

Scanned by CamScanner

निर्णय नं. १

१.१ नगरपालिकाभित्र सभाहल बनाउन र ४ नं. वडा कार्यालयको भवन बनाउने स्थानमा रहेका १ वटा सिमल, २ वटा खयर र २९ वटा सिसौ का रुख पन्छाउने ।

१.२ शु.न.पा. वडा नं. ३ र ४ को सिमानामा पर्ने गल्छिनामा रहेको मानविय तथा भौतिक क्षति पुर्‍याउने जिर्ण साल जातको पन्छाउने ।

निर्णय नं. २

२.१ शुक्लागण्डकी नगरपालिका आदिवासी जनजाति प्रतिष्ठानको तेस्रो बैठक द्वारा प्रस्तुत योजना प्रस्तावहरु सर्वसम्मतीले पारित गरियो ।

तपशिल :

- पन्ध्र दिने आदिवासी जनजाति केन्द्रीत लोकसेवा तयारी कक्षा संचालन का लागि रु २०००००/-(दुई लाख मात्र)
- संविधानमा आदिवासी जनजाति अधिकार विषयक एक दिने अभिमुखिकरण कार्यक्रम रु ५००००/-(पचास हजार मात्र)

| क्र.सं. | जाति | विवरण र रकम |
|---|---|---|
| १. | मगर | व्यक्तित्व विकास तालिम/ भेषभुषा बुनाई रु १५००००/-(एक लाख पचास हजार) |
| २. | गुरुङ्ग | भाषा संस्कार संस्कृति संरक्षण रु १५००००/-(एक लाख पचास हजार) |
| ३. | भुजेल | भाषा संस्कार संस्कृति संरक्षण रु १२५०००/-(एक लाख पच्चीस हजार) |
| ४. | कुमाल | भाषा संस्कार संस्कृति संरक्षण रु १२५०००/-(एक लाख पच्चीस हजार) |
| ५. | थकाली | थकाली समुदायको भेषभुषा खरिद रु १२५०००/-(एक लाख पच्चीस हजार) |
| ६. | तामाङ्ग | भाषा संस्कार संस्कृति संरक्षण रु १०००००/-(एक लाख) |
| ७. | नेवार | धिमेबाजा संरक्षण रु १२५०००/-(एक लाख पच्चीस हजार) |

Scanned by CamScanner

२.२ शुक्लागण्डकी नगरपालिकाको उपेक्षीत, उत्पीडित र दलित वर्ग उत्थान समिती का संयोजक श्री भरत लामगादे ज्यूको संयोजकत्वमा सम्पन्न बैठकद्वारा प्रस्तुत योजना सर्वसम्मतीले पारित गरियो :

तपशिल :

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | शु.न.पा. का प्रा.वि मा अध्ययनरत पाँच विद्यालयका दलित विद्यार्थीलाई छात्रवृत्ति | रु ३,५०,०००/- |
| २ | शु.न.पा. १२ फिरफिरे दलित समाजलाई कला संरक्षण र नौमति लोक बाजा संरक्षण गर्ने | रु १२०००० /- |
| ३ | दलित केन्द्रीत लोक सेवा तयारी कक्षा संचालन | रु १५०००० /- |
| ४ | कुखरा पालन कार्यक्रम संचालन (भेगको पहिचान सहित) | रु ८०,००० /- |
| ५ | शु.न.पा का वडाहरुमा अध्ययन अवलोकन भ्रमण(दलित वस्तुस्थिती पहिचान ) | रु. १,५०,०००/- |
| ६ | दलित र गैर दलित विचको सचेतना कार्यक्रम | रु.१,५०,०००/- |

२.३ बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समितीले तपशिल बमोजिम पेश गरेका कार्यक्रम सर्वसम्मतीले पारित गरियो ।

तपशिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १. | च्यवन गुम्बा(मुर्ति खरिद) | शु.न.पा.-२, कसेरी | रु ३०००००/- |
| २. | वेलचौतारा बौद्ध सदन गुम्बा मर्मत, शु.न.पा ५ | शु.न.पा.-५ वेलचौतारा | रु १७५०००/- |
| ३. | नेपाल मगर संघ बौद्ध शान्ति सदन मर्मत,शु.न.पा ४ | शु.न.पा.-४ पुल्चोक | रु १७५०००/- |
| ४. | मुस्ताङ्ग क्याम्प गुम्बा मर्मत,वडा नं. ८ | शु.न.पा.-८ मुस्ताङ्ग क्याम्प | रु १७५००००/- |
| ५. | बौद्ध गुम्बा तमु छोंदधि फैलो क्वईवो, मर्मत , शु.न.पा ४ | शु.न.पा.-४ पुल्चोक | रु १७५००००/- |

नगर प्रमुख

Scanned by CamScanner

निर्णय नं. ३

नगरपालिकाबाट संचालन गरिने रु ५ लाख वा सो भन्दा माथिका योजनाको हकमा योजना अनुगमन तथा जाचपास समितीले सिफारिस गरेपछि मात्र योजनाको अन्तिम भुक्तानी दिने र वडा स्तरिय सवै योजना वडा समितीको सिफारिसमा मात्रै अन्तिम भुक्तानी दिने ।

निर्णय नं. ४

नगरपालिकाबाट एवम नगरपालिका अन्तर्गतका सम्पुर्ण वडाबाट संचालित योजनाहरुको सम्फौताको अन्तिम मिती चालु आ.व को चैत्र मसान्त सम्म कायम गर्ने र योजनाहरु यथासक्दो छिटो सम्पन्न गर्ने ।

निर्णय नं. ५

नगरपालिकामा मोटर साईकल खरिद शिर्षकमा बाँकी रकमबाट नगर कार्यपालिकाको कार्यालय प्रयोजनार्थ एक थान मोटरसाईकल खरिद गर्ने ।

निर्णय नं. ६

वडागत खर्चको विल भरपाईमा वडाध्यक्षले प्रमाणित गरेपछि मात्र भुक्तानी दिने ।

निर्णय नं. ७

वडा कार्यालयमा खटिएका प्राविधिक कर्मचारीहरुको हाजिरी प्रमाणित वडाध्यक्षले गरे पछि मात्रै पारिश्रमिक भुक्तानी दिने ।

निर्णय नं. ८

ठेक्का पट्टा लाईसेन्स र बाटो दर्ता गर्नको लागि कार्यपालिका सदस्य एवम १ नं. वडा कार्यलयका वडाध्यक्ष श्री रवि चन्द्र पौडेलको संयोजकत्वमा तपशिल बमोजिमको समिती गठन गरि कार्यविधि बनाउन र अर्को बैठकमा पेश गर्ने ।

तपशिल :

संयोजक : श्री रवि चन्द्र पौडेल

नगर प्रमुख

Scanned by CamScanner

सदस्य : श्री शिव कुमार श्रेष्ठ

सदस्य : श्री गिता महत

निर्णय नं. ९

नगरपालिकामा २४ सै घण्टा सुरक्षाको प्रयोजनार्थ खटाइएका सुरक्षा गार्डको आवास भवन बनाउनका लागि प्राविधिक ईष्टिमेट अनुसारको मर्मत संभार कोषबाट खर्च गर्ने । साथै न.पा लाई आवश्यक १ जना मालि पदमा दैनिक ज्यालादारीमा दैनिक रु ३००।- का दरले दिने गरि शु.न.पा ९ निवासी श्री सुमित्रा रिमाललाई डोर हाजिरीमा काममा लगाउने ।

निर्णय नं. १०

नगरपालिका भित्र आधारभुत तह परिक्षा सञ्चालन कक्षा आठ (८) को परिक्षा संचालन खर्चको लागि परिक्षा समितीले माग गरेको अनुमानित खर्च रकम रु ३,३१,०००।- ( अक्षेरुपी रु तिन लाख एक्तिस हजार मात्र ) रकममा नपुग रकम पुस्तकालय खर्च शिर्षकबाट खर्च गर्ने र निजी विधालयबाट आएको रकम र पछि जि.शि.का बाट आउने रकम यसै शिर्षकमा सोध भर्ना गर्ने ।

निर्णय नं. ११

शु.न.पा वडा नं. ३ को भवन मर्मत गर्ने ठाउँ सम्याउन लाग्ने खर्च ठेक्का रकम भित्रै भेरिएसनमा राख्ने ।

निर्णय नं. १२

वडा नं. ५ स्थित श्री कुमारी प्रा.वि. को भवन निर्माणका लागि रु ५,००,०००।- ( अक्षरुपी पाँच लाख मात्र) रकम बाल उधान शिर्षकबाट उपलब्ध गराउने ।

निर्णय नं. १३

सेती नदि (कोत्रे देखि भिमाद जाने दोभान ) तटबन्धन गरि बस्ती तथा बजारलाई जल तथा अन्य प्रकोपजन्य जोखिम बाट जोगाउन गरु योजना बनाई माथिल्लो निकायमा बजेट माग गर्न सिफारिस गर्ने ।

Scanned by CamScanner

निर्णय नं. १४

राजश्व संकलनका लागि देहायबमोजिमका वडाहरुमा देहायबमोजिमका सामाजिक परिचालिकाहरु खटाउने र वाकी वडाहरुमा सम्बन्धित वडाका वडाध्यक्षले देहायबमोजिमको संख्यामा कर्मचारी खटाई राजश्व संकलनमा परिचालन गर्ने । निजलाई खाजा खर्च वापत दिनको रु ५००।- (पाँच सय रुपैंया मात्र ) उपलब्ध गराउने ।

| क्र.स | राजश्व संकलन गर्नुपर्ने वडाहरु | राजश्व संकलनमा खटाइएका सामाजिक परिचालकको नामथर/सङख्या | कैफियत |
|---|---|---|---|
| १ | १ र २ | श्री सबिना मियाँ | सामाजिक परिचालक |
| २ | ३ | १ जना | वडाध्यक्षले तोक्ने गरि |
| ३ | ४ | २ जना | वडाध्यक्षले तोक्ने गरि |
| ४. | ५ | २ जना | वडाध्यक्षले तोक्ने गरि |
| ५ | ६ | २ जना | वडाध्यक्षले तोक्ने गरि |
| ६ | ७ | २ जना | वडाध्यक्षले तोक्ने गरि |
| ८ | ८ | श्री सम्झना लम्साल | सामाजिक परिचालक |
| ९ | १० र ११ | श्री सञ्जु पौडेल | सामाजिक परिचालक |
| १० | ९ र १२ | श्री फत्त बहादुर गुरुङ्ग | सामाजिक परिचालक |

निर्णय नं. १५

वडा नं. ७ को वडा भवन खरिदको लागि प्राविधिक ईष्टिमेट अनुसारको रकम यो आ.व.मा रु २०,००,०००।- ( अक्षरुपी बीस लाख) र बाँकी रकम अर्को आ.व. मा उपलब्ध गराउने गरि भवन खरिद गर्ने ।

निर्णय नं. १६

नगर कार्यपालिकाको प्रवक्ताको रुपमा नगर कार्यपालिकाका सदस्य श्री खिम बहादुर कुमाललाई तोक्ने ।

निर्णय नं. १७

-नगर प्रमुख

Scanned by CamScanner

नगर कार्यपालिका कार्यलयको लागि एक जना ईन्जिनियर पदको अस्थायी दरवन्दि सृजना गर्ने ।

निर्णय नं. १८

जिल्ला भलिबल संघ तनहुँको आयोजनामा अन्तर स्थानीय तह पुरुष भलिबल प्रतियोगिता , २०७४ मा शु.न.पा बाट सहभागि भएका दुई टिमले क्रमशः प्रथम स्थान र द्धितिय स्थान प्राप्त गरेकोले विजयी हुने खेलाडीहरुलाई सम्मान स्वरुप नियमानुसारको कर कट्टि गरि प्रथमलाई जनही खुद रु. १०,०००।- (अक्षेरुपी रु दश हजार मात्र ) को दरले र द्धितियलाई जनही खुद रु. ५,०००।- (अक्षेरुपी रु पाच हजार मात्र ) का दरले युवा तथा खेलकुद शिर्षकबाट खर्च गर्ने गरि पुरस्कार वितरण गर्ने ।

निर्णय नं. १९

शुक्लागण्डकी नगरपालिका , नगर कार्यपालिकामा लामो समय सम्म कार्यरत बढुवाको लागि योग्य कर्मचारीहरुलाई रिक्त दरबन्दिमा नियमानुसार बढुवा प्रकृया अघि वढाउन पदपुर्ति समितीलाई अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत